AGENCY OF NATURAL RESOURCES

# प्राकृतिक स्रोत एजेन्सीको मस्यौदा भाषा पहुँच योजनासम्बन्धी तथ्यपाना

**VT प्राकृतिक स्रोत एजेन्सीको (ANR) भाषा पहुँच योजना (LAP) को उद्देश्यक के हो?** LAP को उद्देश्य भनेको ANR लाई संघीय नागरिक अधिकार कानुनहरूको अनुपालनमा, सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरू र फरक-फरक स्तरको श्रवण, दृष्टि वा वाचन भएका व्यक्तिहरूका लागि आफ्ना कार्यक्रम, सेवा र क्रियाकलापहरूमा अर्थपूर्ण र समान पहुँच उपलब्ध गराउने कार्यमा मार्गदर्शन गर्नु हो।

**संघीय नागरिक अधिकार कानुनहरू के-के हुन्?** जात, रङ, सम्प्रदाय, राष्ट्रिय मूल, लिङ्ग, उमेर वा असक्षमतामा आधारित भेदभाव निषेध गर्ने 1964 को नागरिक अधिकार ऐनको शीर्षक VI, असक्षमता भएका अमेरिकीहरू ऐन र पुनर्सुधार ऐनसहित विभिन्न संघीय नागरिक अधिकार कानुनहरू छन्।

**"सीमित अङ्ग्रेजी प्रवीणता" भएका व्यक्तिहरू को हुन्?** आफ्नो प्राथमिक भाषाको रूपमा अङ्ग्रेजी भाषा नबोल्ने र अङ्ग्रेजी भाषा पढ्ने, लेख्ने, बोल्ने वा बुझ्ने सीमित क्षमता भएका व्यक्तिहरूलाई सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरू भनेर चिन्न सकिन्छ।

**ANR ले संघीय नागरिक अधिकार कानुनहरूको पालना किन आवश्यक छ?** ANR भनेको विभिन्न संघीय एजेन्सीहरूबाट संघीय आर्थिक सहायता प्राप्त गर्ने राज्य एजेन्सी भएकाले ANR ले संघीय नागरिक अधिकार कानुनहरी पालना गर्न र नियमनहरू कार्यान्वयन गर्न आवश्यक पर्छ।

**LAP मा के समावेश छ?** LAP मा सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरू र प्रभावकारी सञ्चारमा समर्थन गर्न सहायताहरू आवश्यक पर्ने फरक-फरक स्तरको श्रवण, दृष्टि वा वाचन भएका व्यक्तिहरूलाई ANR ले जानकारी र सेवाहरू कसरी उपलब्ध गराउने भन्नेबारे नीति र पाँच कार्यान्वयन तत्त्वहरू समावेश छन्।

**पाँच कार्यान्वयन तत्त्वहरू के-के हुन्?** यी तत्त्वहरूले ANR ले एजेन्सीका कार्यक्रम, सेवा र क्रियाकलापहरूमा अर्थपूर्ण र समान पहुँच उपलब्ध गराइरहेको छ भन्ने कुरा सुनिश्चित गर्छन्। पाँच तत्त्वहरू यस प्रकार छन्: (1) सञ्चार सेवाहरूको आवश्यकता भएका व्यक्तिहरूलाई पहिचान गर्ने, (2) सञ्चार सेवाहरू उपलब्ध गराउने, (3) ANR बाट अनुदान र करारहरू प्राप्त गर्ने कर्मचारी र संस्थाहरूलाई संघीय नागरिक अधिकार कानुनहरू कसरी पालना गर्ने भन्ने बारेमा प्रशिक्षण दिने, (4) सञ्चार सेवाहरूबारे सार्वजनिक सूचना उपलब्ध गराउने र (5) अद्यावधिकका लागि LAP निरीक्षण गर्ने।

**ANR उपलब्ध गराउन सक्ने सञ्चार सेवाहरू के-के हुन्?** सञ्चार सेवाहरूमा मौखिक व्याख्या, महत्त्वपूर्ण जानकारी ("अत्यावश्यक" कागजात पनि भनिन्छ) को लिखित अनुवादन र श्रवण, दृष्टि वा बोलीका फरक फरक स्तरका मानिसहरूका लागि प्रभावकारी हुने सहायता र सेवाहरू समावेश हुन सक्छन्।

**जनताहरूले LAP मा टिप्पणीहरू कसरी उपलब्ध गराउन सक्छन्?** मस्यौदा ANR LAP सार्वजनिक टिप्पणीका लागि उपलब्ध छ। टिप्पणीहरू अक्टोबर 28, 2022 को साँझ 5:00 बजेसम्म गर्न सकिन्छ। कृपया निम्नमा आफ्ना टिप्पणीहरू पेश गर्नुहोस्: anr.civilrights@vermont.gov. त्यसपछि ANR ले डिसेम्बर 2022 सम्म LAP पूरा गर्नुअघि यी टिप्पणीहरूका बारेमा विचार गर्ने छ।

*भर्मन्ट प्राकृतिक संसाधनहरू निकाय (Agency of Natural Resources, ANR) ले यसका कार्यक्रम, सेवा र क्रियाकलापहरू जाति, धर्म, सम्प्रदाय, रङ, राष्ट्रिय मूल (सीमित अङ्ग्रेजी प्रवीणता सहित), वंशज, जन्म स्थान, अशक्तता, उमेर, वैवाहिक स्थिति, लिङ्ग, लैङ्गिक झुकाव, लैङ्गिक पहिचान वा स्तनपान (आमा र बच्चा) को आधारमा भेदभाव बिना सञ्चालन गर्छ। प्रश्न वा उजुरीहरू/निःशुल्क भाषा सेवाहरू: anr.civilrights@vermont.gov.*